बाह्रदशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रगढी, झापा

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३

सू.नं. : ९

नेपाल सम्वत् ११४५

**गाउँपालिकाको लोगो (प्रतिक चिन्ह) डिजाइन सम्बन्धि प्रस्ताव आव्हानको सूचना ।।।**

सूचना प्रकाशन मिति :२०८२/०५/१९

"समृद्ध बाह्रदशीको आधार,कृषि,शिक्षा,स्वास्थ्य र पूर्वाधार" दीर्घकालिन सोचका साथ नागरिकको सहज र सरल पहुँचमा सार्वजनिक सेवा प्रवाहका लागि प्रतिवद्ध यस गाउँपालिकाको आफ्नो छुट्टै लोगो (प्रतिक चिन्ह) डिजाइन गर्नुपर्ने भएको हुँदा तपसिलमा उल्लेख भए वमोजिमका शर्तका अधिनमा रही लोगो डिजाईन गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८२ साल आश्विन ०२ गतेसम्म) यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल शर्तहरु:

क. लोगो (प्रतिक चिन्ह) डिजाइन सम्बन्धमा :

१. गाउँपालिकाको नाम र नेपालको झण्डा अनिवार्य समावेश हुनुपर्नेछ ।

२. गाउँपालिकाको पहिचान, ऐतिहासिक, जनजीवन, भुगोल, साँस्कृतिक चिनारी एवम् विशिष्ट पहिचान झल्कनु पर्नेछ।

३. कुनै पनि जातिय विभेद, साम्प्रदायिकता, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामा खलल आउने सक्ने संकेतको प्रयोग गर्न पाइने छैन ।

४. लोगो अन्यत्रबाट नक्कल नगरिएको वा मौलिक हुनु पर्नेछ ।

५. फाइल संरचनाः

- लोगोको सफ्ट कपीमा सबै लेयरहरू नाम सहित सही तरिकाले लेबल गरिएको हुनु पर्नेछ।
- कुनै पनि अनावश्यक hidden layer राख्न पाईने छैन।
- लोगोको सफ्ट कपी AI (Adobe Illustrator), SVG वा PDF भेक्टर फर्म्याटमा हुनु पर्नेछ ।

ख. डिजाइनसाथ पेश गर्नु पर्ने विवरण :

१. लोगोमा प्रयोग भएको रङ्ग, शब्द र चित्रहरुले अभिव्यक्त गर्ने अर्थको व्याख्या तथा विश्लेषण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२. डिजाइन गरिएको लोगो रंगिन प्रिन्ट (A4 साइजको कागजमा कम्तिमा 300 dpi Resolution मा) र सोको सफ्ट कपी कार्यालयको प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

३. लोगो पेश गर्ने डिजाइनकर्ताले अनिवार्य रुपमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

ग. अन्य शर्त तथा बुँदा :

१. पेश भएको डिजाइनमा मूल्याङ्कन समितिबाट सुझाव आएमा परिमार्जन सहित डिजाइन स्वीकृत गर्न सक्नेछ ।

२. लोगो स्वीकृत सम्बन्धि सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ र स्वीकृत लोगोको सर्वाधिकार गाउँपालिकामा निहित रहनेछ साथै डिजाइनकर्ताले अन्यत्र कतै प्रयोग गर्न पाउने छैन।

३. स्वीकृत हुने डिजाइनकर्तालाई पुरस्कार स्वरुप रु २५,०००।- (अक्षरेपी रु. पच्चिस हजार मात्र) कर सहित र सम्मानपत्र प्रदान गरिनेछ ।

०८२/०५/१९

गजेन्द्र थपलिया

प्रमुख प्रशासकीय अधिकृत

www.bahradashimun.gov.np

bahradashimm@gmail.com



Scanned with CamScanner